# CIM NEWSLETTER

Issue 42 | Bhadra 2083



## Nepal Foreign Trade at a Glance(FY 2082/2083

| Imports | Exports | Trade Deficit | Total Foreign Trade |
| --- | --- | --- | --- |
| **Rs. 2,096,379 million** | **Rs. 315,290 million** | **Rs. 1,781,089 million** | **Rs. 2,411,670 million** |
| (16.20%) | (13.81%) | (16.63%) | (15.88%) |


021-515712

Sahid Marg, Biratnagar-2 cim.biratnagar@gmail.com

# हाम्रो भनाई

नेपालको आर्थिक विकासमा छिमेकी मुलुक चीनसंगको व्यापारको महत्वपूर्ण स्थान छ । पछिल्ला पांच वर्षका तथ्यांकका आधारमा रसुवा, तातोपानी र कोरला नाका मार्फत हुने व्यापारमा उल्लेख्य विस्तार भएको देखाउछ । तर व्यापारको बढ्दो आकार संगै त्यसलाई सञ्चालन गर्ने पूर्वाधार, आपूर्ति प्रणाली र विपद् व्यवस्थापनको क्षमता समान रूपमा सुदृढ हुन नसक्दा हाम्रो व्यापार संरचना अझै कति जोखिमपूर्ण अवस्थामा रहेको छ भन्ने कुरा गत भाद्र १० गते रसुवामा आएको विनाशकारी बाढी-पहिरोले थप उजागर गरेको छ ।

विनाशकारी वाढीको प्रारम्भिक क्षतिको विवरणका आधारमा करिब ४२ किलोमिटर सडक, दुई दर्जनभन्दा बढी पुल तथा रसुवागढी नाका, भन्सार संरचना र त्यस क्षेत्रका सबै जलविद्युत् आयोजना प्रभावित हुनु ठूलो आर्थिक क्षति हो । त्यसपछि तातोपानी नाका समेत बन्द हुदा कोरला नाकामाथि निर्भरता बढेको छ, जसले ढुवानी लागत, भन्सार प्रक्रियाको चाप र आपूर्ति शृंखलामा थप दबाब सिर्जना गरेको छ ।

उत्तर तर्फको भौगोलिक परिस्थिती र त्यस क्षेत्रको भूवनोटका कारण वारम्वार आईरहने प्राकृतिक विपत्तिलाई ध्यानमा राखी अवका दिनमा नेपालले त्यसक्षेत्र तर्फको सीमा व्यापारको पूर्वाधारलाई सामान्य सडक, पुल र भन्सार संरचनाका रूपमा मात्र हेर्न सक्ने अवस्था रहेन । यसलाई राष्ट्रिय आर्थिक सुरक्षाको पूर्वाधारका रूपमा विकास गर्नुपर्ने आवश्यकता देखिएको छ ।

सरकारले क्षतिग्रस्त संरचनाको शीघ्र पुनर्निर्माणसंगै रसुवागढी नाकामा रहेको अत्यधिक निर्भरता घटाई तातोपानी र कोरला नाकाको क्षमता समानान्तर रूपमा विस्तार गर्न आवश्यक छ । विपद्-प्रतिरोधी सडक तथा पुल, पर्याप्त भन्सार जनशक्ति र पूर्वाधार, प्रारम्भिक चेतावनी प्रणाली तथा आपतकालीन अवस्थामा व्यापार सञ्चालन गर्ने स्पष्ट संयन्त्र तत्काल निर्माण गरिनुपर्छ ।

साथै, उत्तरी नाकाहरूलाई आयातका प्रवेशद्वारमा सीमित नराखी नेपाली उत्पादनलाई चिनिया बजारसम्म पुऱ्याउने निर्यातमुखी व्यापारिक करिडोरका रूपमा विकास गर्नुपर्छ । सीमा पूर्वाधारको विविधीकरण, विपद् प्रतिरोधी संरचना र निर्यात प्रवर्द्धनलाई एउटै रणनीतिक योजनामा जोड्न सके मात्र नेपाल-चीन व्यापार दीगो र विश्वसनीय बन्न सक्छ ।

आजको आवश्यकता केवल भत्किएका संरचना बनाउनु  मात्र होइन भोलिको जोखिम थेग्न सक्ने बलियो आर्थिक पूर्वाधार निर्माण गर्नु पनि हो । यही दिशामा सरकार, निजी क्षेत्र र सम्बन्धित सबै पक्षबीच प्रभावकारी सहकार्य अपरिहार्य छ ।



## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८२-८३ को १२ महिनाको तथ्यामा आधारित



**१६.२ प्रतिशतले**
आयातवृद्धि ।



**१३.२ प्रतिशतले**
निर्यातवृद्धि ।



**३.०८ प्रतिशत**
उपभोक्ता मूल्य सूचकांमा आधारित मुद्रास्फीति ।



**रु. १०२७ अर्ब ४ करोड वचत**
आयातवृद्धि ।



**रु. २५ अर्ब ६१ करोड**
अमेरिकी डलर सञ्चिति (कुल विदेशी विनिमय)।



**१३.९ प्रतिशत वृद्धि**
वैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन ।




**६.५ प्रतिशतले वृद्धि**
निजी क्षेत्रमा प्रवाहित कर्जा ।



**३७.१ प्रतिशतले**
विप्रेषण आप्रवाह वृद्धि (नेपाली रूपैयाँमा) ।

श्रोत: नेपाल राष्ट्र वैंक, आर्थिक अनुसन्धान विभाग

# Foreign Trade Direction


## Based on Annual data (Shrawan-Asar) of FY 2082/83

| SN | Trade of Indicators | FY 2081/82 (First 12 Months) | FY 2082/83 (First 12 Months) | Change.(%) |
|---|---|---|---|---|
| 1 | Imports (Rs.in `000) | Rs 1,804,122,731 | Rs 2096379070 | 16.20 |
| 2 | Exports (Rs.in `000) | Rs 277,030,202 | Rs 315290474.5 | 13.81 |
| 3 | Trade Deficit (Rs.in `000) | Rs 1,527,092,530 | Rs 1781088596 | 16.63 |
| 4 | Total Foreign Trade (Rs.in `000) | Rs 2,081,152,933 | Rs 2411669545 | 15.88 |
| 5 | Imports/Exports Ratio | Rs 6.51 | Rs 6.65 | 2.10 |
| 6 | Exports Share to Total Trade (%) | Rs 13.31 | Rs 13.07 | -1.79 |
| 7 | Imports Share to Total Trade (%) | Rs 86.69 | Rs 86.93 | 0.27 |

# Top 10 Import Chapter

**Based on Annual data (Shrawan-Asar) of FY 2082/83**


*(figures are in Rs. Thousands)*



# Top 10 Export Chapter

**Based on Annual data (Shrawan-Asar) of FY 2082/83**

*(figures are in Rs. Thousands)*



# Trade Balance by Partner Countries

## Based on Annual data (Shrawan-Asar) of FY 2082/83
## (Mid July 2025 to Mid July 2026)

*(figures are in Rs. Thousands)*

| SN | Partner Countries | Import Value | Export Value | Trade Balance |
|---|---|---|---|---|
| 1 | India | Rs 1210600624 | Rs 258650174 | Rs -951950450 |
| 2 | China | Rs 425247011 | Rs 1892579 | Rs -423354432 |
| 3 | Argentina | Rs 116387235 | Rs 18525 | Rs -116368710 |
| 4 | United Arab Emirates | Rs 52168063 | Rs 1842672 | Rs -50325391 |
| 5 | Indonesia | Rs 22186599 | Rs 260743 | Rs -21925856 |
| 6 | Thailand | Rs 18368184 | Rs 42038 | Rs -18326146 |
| 7 | Australia | Rs 20392466 | Rs 2122764 | Rs -18269702 |
| 8 | Brazil | Rs 17763071 | Rs 60205 | Rs -17702867 |
| 9 | Malaysia | Rs 15509679 | Rs 245776 | Rs -15263904 |
| 10 | United States | Rs 32716167 | Rs 20771779 | Rs -11944388 |

# Import and Export by Custom Offices

**Based on Annual data (Shrawan-Asar) of FY 2082/83**

*(Imports value and Exports value are in Rs. Thousands)*

| Custom | Imports Value | Exports Value |
|---|---|---|
| Birgunj | Rs 986432567 | Rs 114858525 |
| Bhairahawa | Rs 304179494 | Rs 34925954 |
| Biratnagar | Rs 241960025 | Rs 88729721 |
| Ti_Airport | Rs 203514486 | Rs 37940097 |
| Nepalgunj | Rs 87089637 | Rs 3511078 |
| Mechi | Rs 60522802 | Rs 26270388 |
| Tatopani | Rs 47486118 | Rs 0 |
| Rasuwa | Rs 45738264 | Rs 894601 |
| Kailali | Rs 29218031 | Rs 1331885 |
| Krishnanagar | Rs 27600284 | Rs 1851374 |

# नेपाल-चीन सीमा व्यापार प्रवृत्ति र २०८३ भाद्र १० को बाढी-पहिरोको प्रभाव

नेपाल र चीन बीचको भू-सीमा व्यापार मुख्यत रसुवागढी (रसुवा), तातोपानी (सिन्धुपाल्चोक) र कोरला (मुस्ताङ) गरी तीन नाकाबाट सञ्चालित हुदै आएको छ । यी नाकाहरू हिमाली तथा भूकम्पीय जोखिमयुक्त क्षेत्रमा पर्ने भएकाले प्राकृतिक प्रकोपबाट बारम्बार प्रभावित हुने गरेका छन, २०७२ सालको भूकम्प, २०८२ सालको बाढी र हालै भाद्र १० को विनाशकारी बाढी-पहिरो यसका प्रमुख उदाहरण हुन ।

यहा नेपाल भन्सार विभागको आ.व. २०७८/७९ देखि २०८२/८३ सम्मको पँच वर्षे तथ्यांकको विश्लेषण गरी, भाद्र १० गते रसुवामा गएको बाढी-पहिरोले नेपाल-चीन व्यापारमा पारेको अल्पकालीन र दीर्घकालीन प्रभाव, सम्बन्धित क्षेत्रको आर्थिक विकासमा परेको असर र चुनौतिका बारेमा विस्तृत रुपमा उल्लेख गरिएको छ ।

### पांच वर्षको तथ्यांक (आ.व. २०७८/७९ देखि २०८२/८३) सम्म

तल दिइएको तालिकाले तीन प्रमुख नाकाबाट चीनसंग भएको आयात र निर्यातको प्रवृत्ति देखाउछ।

**(रकम रु. हजारमा):**

| आ.व. | रसुवा आयात | रसुवा निर्यात | तातोपानी आयात | तातोपानी निर्यात | मुस्ताङ आयात | जम्मा आयात |
|---|---|---|---|---|---|---|
| FY 2078/79 | Rs 26,628,940 | Rs 0 | Rs 14,023,720 | Rs 0 | - | Rs 40,652,660 |
| FY 2079/80 | Rs 30,141,004 | Rs 1,196,090 | Rs 13,210,166 | Rs 5,915 | - | Rs 43,351,170 |
| FY 2080/81 | Rs 60,910,260 | Rs 1,736,238 | Rs 40,343,341 | Rs 9,321 | - | Rs 101,253,601 |
| FY 2081/82 | Rs 85,232,360 | Rs 2,045,261 | Rs 50,395,862 | Rs 0 | - | Rs 135,628,222 |
| FY 2082/83 | Rs 45,738,264 | Rs 894,601 | Rs 47,486,118 | Rs 0 | Rs 14,406,728 | Rs 107,631,110 |

**श्रोत : भन्सार विभाग**

### रसुवागढी नाका


रसुवागढी नेपालको सबैभन्दा नजिकको र सुविधाजनक नाकाका रुपमा रहेको थियो । यस नाकाबाट आयात आ.व. २०७८/७९ को रु.२६.६३ अर्बबाट आ.व. २०८१/८२ मा रु.८५.२३ अर्ब पुगी करिब २२० प्रतिशतले वृद्धि भएको थियो । तर आ.व. २०८२/८३ मा जुलाई २०२५ को बाढीपछि नाका करिब ६ महिना बन्द भएको कारण आयात घटेर रु.४५.७४ अर्बमा झर्‍यो । यसले भौतिक पूर्वाधारमा आधारित एकल नाकाको जोखिम स्पष्ट देखाउछ ।

### तातोपानी नाका

२०७२ सालको भूकम्पपछि लामो समय बन्द रहेको तातोपानी नाका मे २०२३ मा पुन: सञ्चालनमा आएपछि आ.व. २०८०/८१ देखि आयातमा ठूलो उछाल आयो (रु.१३.२१ अर्बबाट रु.४०.३४ अर्ब, अर्थात् २०५ प्रतिशत वृद्धि) । आ.व. २०८१/८२ मा यो रु.५०.४० अर्ब पुगेको थियो । आ.व. २०८२/८३ मा  ह्रास (रु.४७.४९ अर्ब) देखिन्छ ।


### मुस्ताङ (कोरला) नाका


कोरला नाका पछिल्लो वर्ष (आ.व. २०८२/८३) मात्र अन्तर्राष्ट्रिय व्यापारका लागि रूपमा खुलेको हो, जसले रु.१४.४१ अर्ब आयात र रु.२०.५६ करोड निर्यात गरेको छ । रसुवागढी नाकाको बारम्बार अवरोधका कारण व्यापारीहरूले वैकल्पिक मार्गका रूपमा यसलाई प्रयोग गर्न थालेको पाइन्छ ।




### समग्र प्रवृत्ति

आ.व. २०८२/८३ मा तीन नाकाबाट जम्मा आयात रु.१०७.६३ अर्ब भएकोमा, निर्यात जम्मा रु.१.१० अर्ब मात्र थियो, अर्थात् निर्यात आयातको जम्मा १ प्रतिशत पनि पुग्दैन, जसले नेपाल-चीन व्यापारमा रहेको संरचनागत व्यापार घाटा र असन्तुलन देखाउछ ।






**भाद्र १०, २०८३ को रसुवा बाढी-पहिरो**

भाद्र १० गते बिहान रसुवा-किरोङ (ल्हेन्दे खोला/भोटेकोशी) क्षेत्रमा गएको विनाशकारी बाढीले सीमा नाका र वरपरका बस्तीहरूलाई ठूलो क्षति पुऱ्यायो । प्रारम्भिक अध्ययनहरूका अनुसार यो घटना चीनतर्फको सिमाना नजिकैको हिमनदी/हिमपहिरो विस्फोट (Glacial Lake Outburst Flood-GLOF) कारण आएको बाढीले भएको देखिन्छ । बाढीले चीनतर्फको किरोङ सीमा पूर्वाधार पहिले नष्ट गर्दै नेपालतर्फ त्रिशूली/भोटेकोशी नदी करिडोरमा बग्दै रसुवा र नुवाकोट जिल्लाका बस्तीहरूलाई असर पुऱ्यायो । यसले टिमुरे बजार, नेपाल चीन मितेरी पुल, भन्सार तथा अध्यागमन कार्यालय र रसुवागढी जलविद्युत आयोजना सहित थप केही जलविद्युत आयोजनाहरु बगाइदिदा करिब ३५० मे.वा भन्दा वढी विद्युत उत्पादन अवरुद्ध भएको छ । सरकारको प्रारम्भिक आकलन अनुसार रसुवा तर्फ करिब ४२ कि.मी. सडक र दुई दर्जनभन्दा बढी साना-ठूला पुलहरु पूर्णत: नष्ट भएका छन ।

घटनाको केही दिनपछि अर्थात मिति २०८३ भाद्र १५ गते देखि चीनले पहिरोको जोखिम देखाई तातोपानी नाका पनि व्यापारका लागि बन्द गऱ्यो, जसका कारण हाल कोरला (मुस्ताङ) मात्र एक्लो सक्रिय नाका रहेको छ । यसले आगामी दसैं-तिहार लगायतका चाडपर्वको मुखमा नेपालको आपूर्ति शृंखलामा गम्भीर दबाब सिर्जना गरेको छ ।

| नाका | भाद्र १० अघि | भाद्र १० पछिको अवस्था |
|---|---|---|
| रसुवागढी | जनवरी २०२६ मा नया Bailey Bridge वनी सञ्चालनमा आएको ६ महिनामै रु.४५.५३ अर्ब बराबरको आयात भएको। | पूर्णत क्षतिग्रस्त मितेरी पुल, भन्सार कार्यालय, टिमुरे बजार र रसुवागढी, त्रिसुली, चिलिमे लगायत त्यस क्षेत्रका अधिकांश जलविद्युत परियोजना गरि करिव ४ सय मे.वा. प्रभावित भएको, करिब ४२ कि.मि. सडक र २ दर्जन भन्दा वढी साना पुलहरु नष्ट भएको छ । |

| नाका | भाद्र १० अघि | भाद्र १० पछिको अवस्था |
|---|---|---|
| तातोपानी | सामान्य सञ्चालनमा: अघिल्लो आ.व. मा ४७.४९ अर्ब बराबरको आयात । | चीनले पहिरोको जोखिम देखाई भाद्र १५ गते देखि ब्यापारका लागि बन्द गरेको । |
| मुस्ताङ/ कोरला | सीमित पूर्वाधार सहित विस्तार हुदै गरेका वैकल्पिक नाका। | हाल एक्लो सक्रिय नाका, चाप धेरै बढेको, ढुवानी भाडा प्रति कन्टेनर रु २ लाख पचास हजार देखि ३ लाख सम्म। |

# नेपाल-चीन व्यापारमा पर्ने प्रभाव

**अल्पकालीन प्रभाव**

- रसुवागढी नाका पूर्णत बन्द भई तातोपानी पनि बन्द हुदा दैनिक ६०-७० ढुवानीका साधनको ओहोर दोहोर ठप्प भई सम्पूर्ण चाप एक्लो कोरला नाकामा पर्न गएको छ । जहा पर्याप्त भन्सार जनशक्ति र पूर्वाधार नभएकाले जांचपास प्रकृयामा ढिलाइ हुने छ ।

- रसुवाको वाढी अघि आएर फस्न फस्न गएका कन्टेनर तथा ट्रकको मालसामान ओसारपसारमा अवरोध पुगेको छ । ढुवानी भाडा प्रति कन्टेनर रु.२,५०,००० बाट रु.३,००,००० सम्म बढन सक्ने ।

- सुवागढी र तातोपानी नाकाले संयुक्त रूपमा अघिल्लो आ.व.मा रु.९३ अर्बभन्दा बढी आयात ह्यान्डल गर्ने भन्सार राजस्वको प्रमुख स्रोत भएकाले, दुवै नाका ठप्प हुँदा सरकारी राजस्व संकलनमा प्रत्यक्ष असर पर्ने देखिन्छ ।

- दसैं-तिहार जस्ता प्रमुख चाडपर्व अघि आपूर्ति अवरुद्ध हुदा उपभोक्ता वस्तुको आपूर्ति र मूल्यमा दबाब पर्ने सम्भावना छ।

**दीर्घकालीन प्रभाव**

- २०८२ सालको बाढीपछि रसुवागढी पुनर्निर्माणमा करिब ६ महिना लागेको थियो तर यसपटक पूर्वाधार क्षति (४२ कि.मी. सडक, २४± पुल) निकै धेरै भएकाले पूर्ण पुनर्स्थापनामा वर्षौं लाग्ने आकलन गर्न सकिन्छ, जसले गर्दा उक्त नाका भविष्यमा पुन: सञ्चालन आउने विषयमा नै प्रश्न सिर्जना गर्छ ।

- बारम्बार दोहोरिने प्रकोप (२०७२, २०८२, २०८३) ले रसुवागढीलाई एउटा "सधैं जोखिमपूर्ण" करिडोरको रूपमा चिनाउदै लगेको छ, जसले दीर्घकालमा लगानीकर्ता र व्यापारीको विश्वास घटाउन सक्छ ।

- कोरला (मुस्ताङ) नाका स्थायी वैकल्पिक व्यापार मार्गको रूपमा स्थापित हुने सम्भावना बढेको छ, तर हाल यसमा पर्याप्त पूर्वाधार र जनशक्ति नभएकाले दीर्घकालीन लगानी आवश्यक देखिन्छ ।

**क्षेत्रीय आर्थिक विकासमा प्रभाव र चुनौतिहरू**

- रसुवाको टिमुरे बजार विगत एक दशकमा ट्रान्स-हिमालयी व्यापार मार्गको प्रमुख केन्द्रको रूपमा विकसित भएको थियो। यो बजार नै बाढीले बगाइदिदा स्थानीय व्यापारी, ज्यालादारी मजदुर र साना व्यवसायीहरूको जीविकोपार्जन ठूलो संकटमा परेको छ ।

- रसुवागढी जलविद्युत आयोजना (१११ मे.वा.) लगायत त्रिशूली ३ए, त्रिशूली र देवीघाट गरी करिब २०० मेगावाट क्षमताका आयोजना क्षतिग्रस्त भई राष्ट्रिय ग्रिडमा विद्युत आपूर्तिमा समेत असर परेको छ, जसले क्षेत्रीय र राष्ट्रिय ऊर्जा अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्छ ।

- सीमा व्यापारमा आधारित रोजगारी (ढुवानी, भन्सार एजेन्ट, गोदाम, होटेल-रेस्टुरेन्ट) एकल आर्थिक आधारमा निर्भर रहेको हुदा, नाका बारम्बार बन्द हुदा त्यस क्षेत्रको आर्थिक आधार नै कमजोर हुने छ ।

- पुनर्निर्माणका लागि ठूलो पुंजी लगानी आवश्यक हुने तर आन्तरिक स्रोत सीमित भएकोले वैदेशिक पक्षसंगको समन्वय र वित्तीय/प्राविधिक सहयोगमा निर्भर रहनुपर्ने बाध्यता छ, जसले पुनर्निर्माण प्रक्रियालाई परनिर्भर र ढिलो बनाउन छ ।

- जलवायु परिवर्तनका कारण हिमताल विस्फोट (GLOF) जस्ता घटना बढ्दै गएकोले, भविष्यमा पनि उस्तै वा अझ ठूला प्रकोपहरू दोहोरिने जोखिम रहन्छ, जसले दीर्घकालीन योजना निर्माणलाई जटिल बनाउछ ।

गत पँच वर्षको तथ्यांकले नेपाल-चीन सीमा व्यापार निरन्तर बढ्दो प्रवृतिमा रहेपनि, यो वृद्धि अत्यन्त कमजोर र जोखिमपूर्ण भौतिक पूर्वाधारमा आधारित रहेको स्पष्ट देखाउछ । रसुवागढी जस्तो प्रमुख नाका दोस्रो पटक (२०८२ र २०८३ मा लगातार) प्राकृतिक प्रकोपको चपेटामा पर्नुले नेपालको उत्तरी सीमा व्यापार संरचना कति नाजुक छ भन्ने पुष्टि गर्छ । दीर्घकालका लागि वैकल्पिक नाकाको खोजी र सञ्चालनको व्यवस्थाका साथै प्रकोप-प्रतिरोधी पूर्वाधार र निर्यात-उन्मुख व्यापार नीति मार्फत नेपालले असन्तुलन र जोखिमलाई क्रमश: न्यूनीकरण गर्दै लैजानु पर्ने देखिन्छ

## विद्युत् महसुलमा VAT लगाउने व्यवस्था फिर्ता लिन संगठनको आग्रह

आर्थिक ऐन २०८३/८४ मार्फत साउन १ गतेदेखि औद्योगिक उपभोक्ताले उपभोग गर्ने विद्युत् महसुलमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर (VAT) लागू गर्ने व्यवस्थाले उद्योगहरूको चालु पूंजी, नगद प्रवाह, उत्पादन लागत तथा प्रतिस्पर्धात्मक क्षमतामा प्रत्यक्ष असर पार्ने संगठनको निष्कर्ष छ । यस विषयमा संगठनले नेपाल सरकारको ध्यानाकर्षण गराउदै औद्योगिक प्रयोजनका लागि विद्युतमा लगाइएको VAT सम्बन्धी व्यवस्था फिर्ता लिन आग्रह गरेको छ ।

## विद्युतमा VAT लगाउदा देखिने प्रमुख प्रभाव

**चालु पूंजी र नगद प्रवाहमा थप दबाब**

विद्युत् बिलमा १३ प्रतिशत VAT थपिदा उद्योगहरूले प्रत्येक महिना थप रकम तत्काल भुक्तानी गर्नुपर्ने हुन्छ । उक्त

रकम पछि कर समायोजन वा फिर्ता हुनसक्ने भएपनि त्यस अवधिसम्म उद्योगको नगद रकम रोकिएर बस्छ।

ग्राहकबाट रकम उठ्न ढिलाइ तथा चालु पूंजीको अभाव झेलिरहेका उद्योगका लागि यसले दैनिक सञ्चालनमै थप वित्तीय दबाब सिर्जना गर्ने छ ।

**कागजमा Input Tax Credit, व्यवहारमा लामो फिर्ता प्रक्रिया**

सैद्धान्तिक रुपमा विद्युत्मा तिरेको VAT लाई Input Tax Credit का रुपमा समायोजन गर्न सकिने भए पनि व्यवहारमा कर फिर्ता वा समायोजन प्रक्रिया जटिल र समय लाग्ने गरेको उद्योगीहरुको अनुभव छ । समायोजन वा फिर्ता नहुदासम्म उद्योगको रकम सरकारी कोषमा रोकिएर बस्ने र सोही रकम अभावमा उद्योगले बैंक तथा वित्तीय संस्थाबाट चालु पूंजी ऋण लिनुपर्दा अतिरिक्त ब्याज लागत व्यहोर्नुपर्ने अवस्था आउन सक्छ । यसले उद्योगलाई वित्तीय लागतको दोहोरो भार पार्ने जोखिम बढाउछ ।

**उच्च ऊर्जा खपत गर्ने उद्योगमा प्रभाव अझ ठूलो**

विद्युतको उच्च खपत गर्ने उद्योगहरु विशेषगरी स्टिल तथा अन्य ऊर्जा-आधारित उद्योग यस व्यवस्थाबाट तुलनात्मक रुपमा बढी प्रभावित हुनेछन ।

**उदाहरणका रुपमा**

| उदाहरणको लागि | रकम |
|---|---|
| मासिक खपत | १,७०,००,००० युनिट |
| औसत ऊर्जा दर | रु. ८/युनिट |
| मासिक ऊर्जा शुल्क | रु. १३,६०,००,००० |
| प्रति महिना रोक्का हुने १३ प्रतिशत मूल्य अभिवृद्धि | रु. १,७६,८०,००० |
| प्रति वर्ष रोक्का हुने मूल्य अभिवृद्धि कर (अनुमानित) | रु. २१,२१,६०,००० |

प्रस्तुत आंकडाअनुसार, शोधभर्ना हुनुअघि नै एउटै उद्योगको प्रतिमहिना करिब १.७७ करोड रुपैया र वार्षिक २१ करोड रुपैयाँभन्दा बढी रकम फ्रिज हुने गर्छ । फलाम उद्योग तथा उच्च ऊर्जा खपत गर्ने अन्य क्षेत्रहरुमा यसरी फ्रिज हुने कुल चालु पूंजी अर्बौं रुपैया पुग्छ ।

**निर्यातकर्ताका लागि स्थायी लागत**

निर्यात शून्य दरमा रहने भएकाले विद्युतमा तिरेको VAT समायोजन गर्न आवश्यक पर्ने आउटपुट VAT दायित्व प्राय: हुदैन वा अत्यन्त न्यून हुन्छ । परिणामस्वरुप, निर्यातकर्ता इनपुट VAT फिर्ता प्रक्रियामा निर्भर हुन बाध्य हुन्छन्, तर यही फिर्ता प्रणाली समयमै कार्यान्वयन नहुदा VAT क्रेडिट दीर्घकालसम्म र कतिपय अवस्थामा स्थायी रुपमै असुल हुन नसक्ने अवस्था सिर्जना हुन्छ । यसले विद्युतमा तिरेको VAT लाई उत्पादन लागतको स्थायी अंश बनाइदिन्छ, जसले नेपाली वस्तुको लागत बढाई प्रतिस्पर्धात्मक क्षमता कमजोर पार्नुका साथै व्यापार घाटा न्यूनीकरण गर्ने राष्ट्रिय नीतिको उद्देश्यमा समेत प्रतिकूल प्रभाव पार्दछ ।

**साना तथा घरेलु उद्योगमा प्रत्यक्ष लागत वृद्धि**

VAT मा दर्ता नभएका वा दर्ताको सीमाभन्दा तल रहेका साना तथा घरेलु उद्योगले Input Tax Credit दाबी गर्न नसक्ने भएकाले उनीहरूका लागि विद्युतमा थपिने १३ प्रतिशत VAT प्रत्यक्ष र स्थायी लागत वृद्धि बन्नेछ । यसले ठूला उद्योगको तुलनामा वित्तीय क्षमता कमजोर रहेका साना तथा घरेलु उद्योगको प्रतिस्पर्धात्मक अवस्था थप कठिन बनाउन सक्छ ।

**उत्पादन लागत र मुद्रास्फीतिमा थप दबाब**

विद्युत् लगभग सबै प्रकारका वस्तु तथा सेवाको उत्पादन प्रक्रियामा प्रयोग हुने आधारभूत इनपुट हो । विद्युतको लागत बढ्दा त्यसको प्रभाव उद्योगको उत्पादन लागतमा मात्र सीमित नरही आपूर्ति श्रृंखला मार्फत विभिन्न वस्तु तथा सेवाको मूल्यमा समेत पर्न सक्छ । यसले समग्र अर्थतन्त्रको लागत संरचनामा दबाब सिर्जना गर्नुका साथै उपभोक्ता स्तरको मूल्य वृद्धिमा समेत योगदान गर्न सक्ने जोखिम छ ।

**औद्योगिकीकरण तथा ऊर्जा खपत विस्तारको नीतिसंग विरोधाभास**

नेपालले स्वदेशमै उत्पादन हुने जलविद्युतको अधिकतम उपयोग, आयातित इन्धनको प्रतिस्थापन तथा ऊर्जा-आधारित औद्योगिकीकरणलाई प्राथमिकता दिदै आएको छ । यस्तो अवस्थामा औद्योगिक प्रयोजनका लागि प्रयोग हुने विद्युतमा थप कर लगाउने व्यवस्थाले उद्योगलाई विद्युतको प्रयोग बढाउन प्रोत्साहित गर्ने नीतिसंग विरोधाभास सिर्जना गर्नेछ । विद्युत् नेपालको महत्वपूर्ण तुलनात्मक लाभको क्षेत्र भएकाले यसको औद्योगिक उपयोग बढाइए आयातित इन्धनको निर्भरता घटाउनु आवश्यक रहेको अवस्थामा औद्योगिक प्रयोजनका लागि प्रयोग हुने विद्युतमा १३ प्रतिशत VAT लगाउनु सरकारले स्वयं प्रवर्द्धन गर्न खोजेको विद्युत् खपत विस्तार नीतिलाई नै निरुत्साहित गर्नु हो ।

**तरलता संकटलाई थप गहिरो बनाउने जोखिम**

उच्च वित्तीय लागत, NPA वर्गीकरण सम्बन्धी कडा मापदण्ड तथा LC/ Trust Receipt सुविधामा बढ्दो दबाब जस्ता चुनौतीको सामना गरिरहेका वर्तमान अवस्थामा विद्युत् उपभोगकै बिन्दुमा थप १३ प्रतिशत VAT तिर्नुपर्ने व्यवस्थाले उद्योगहरूको नगद प्रवाहमा थप भार सिर्जना गर्छ । यसले वित्तीय तनाव बढाई ऋण चुक्ता गर्न नसक्ने (Default) जोखिमलाई अझ वृद्धि गर्नेछ ।

**कर अनुपालन दायित्व वृद्धि र नीतिगत पूर्वानुमानयोग्य**

यस परिवर्तनका कारण प्रत्येक व्यवसायले नया बिलिङ, हिसाब मिलान, कर बिजक मिलान तथा थप लेखा व्यवस्थापन दायित्व वहन गर्नुपर्ने हुन्छ, जसले प्रशासनिक तथा अनुपालन लागतमा समेत वृद्धि गर्दछ । लामो समयदेखि VAT छुट पाउदै आएको विद्युत् सेवामा पर्याप्त परामर्श तथा प्रभाव मूल्यांकनबिना VAT लागू गर्नु लगानीकर्ताले अपेक्षा गर्ने नीतिगत स्थायित्व र पूर्वानुमानमाथि प्रतिकूल प्रभाव पार्दछ, जसले स्वदेशी तथा विदेशी दुवै लगानीकर्तालाई प्रतिकूल सन्देश प्रवाह गर्छ ।

**उद्योग संगठन मोरङको माग**

विद्युत् नेपालको औद्योगिक विकास, उत्पादन विस्तार र आयात प्रतिस्थापनको महत्वपूर्ण आधार भएकाले विद्युत् खपतलाई निरुत्साहित गर्नेभन्दा उद्योगमा यसको अधिकतम प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने संगठनको धारणा छ । विद्युतमा १३ प्रतिशत VAT लागू गर्दा उद्योगहरूको उत्पादन लागत बढ्ने, नगद प्रवाह तथा चालु पूंजीमा अतिरिक्त भार पर्ने, निर्यात प्रतिस्पर्धात्मकता कमजोर हुने र समग्र लगानी वातावरणमा नकारात्मक प्रभाव पर्न सक्ने भएकाले औद्योगिक प्रयोजनका लागि विद्युतमा VAT लगाउने व्यवस्था पुनरावलोकन गरी फिर्ता लिन उद्योग संगठन मोरङले नेपाल सरकारसंग आग्रह गरेको छ । संगठनले उद्योगमैत्री कर नीति, प्रतिस्पर्धी ऊर्जा लागत र पूर्वानुमानयोग्य नीतिगत वातावरण निर्माण मार्फत स्वदेशी उत्पादन तथा औद्योगिकीकरणलाई थप प्रोत्साहन गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

# कोशी प्रदेशको लगानी र औद्योगिक सम्भावनाका वारे अमेरिकी विद्यार्थीसंग छलफल




लिबर्टी इन्टरनेशनल कार्यक्रम अन्तर्गत नेपाल भ्रमणमा आएका अमेरिकी विद्यार्थीहरूको प्रतिनिधिमण्डल र उद्योग संगठन मोरङका प्रतिनिधि बीच पूर्वी नेपालको वर्तमान आर्थिक अवस्था, उद्योग/व्यवसायका अवसर, चुनौती विषयमा श्रावण ११ गते, अन्तरक्रिया भयो ।

कार्यक्रममा उद्योग संगठन मोरङका अध्यक्ष नन्द किशोर राठीले पूर्वी नेपाल उद्योग, व्यापार तथा लगानीका दृष्टिले महत्वपूर्ण सम्भावना बोकेको क्षेत्र भएको उल्लेख गर्दै निजी क्षेत्रलाई प्रोत्साहन गर्ने स्थिर र लगानीमैत्री नीतिको आवश्यकता औल्याउनु भयो ।

संगठनका निवर्तमान अध्यक्ष राकेश सुरानाले पूर्वी नेपालको औद्योगिक विकास, उत्पादन तथा निर्यातका सम्भावना बारे जानकारी गराउदै निजी क्षेत्रले भोगिरहेका चुनौतीहरूको समाधानका लागि नीतिगत सुधार अपरिहार्य रहेको बताउनुभयो ।

लिबर्टी इन्टरनेशनलका ट्रेनिङ लिड मार्या लोन्डनले अमेरिकी विधार्थीहरुलाई नेपाली समाज, संस्कृति, इतिहास र आर्थिक रुपान्तरणका विविध आयामसंग प्रत्यक्ष रूपमा परिचित गराउन नेपाल भ्रमणको गराएको वताउनु भयो । उहाँले स्थानीय उद्योगी/व्यवसायी तथा नेतृत्वसंगको अन्तरक्रियाले विद्यार्थीहरूको सिकाइलाई थप व्यवहारिक र प्रभावकारी बनाउने उल्लेख गर्नुभयो ।

संगठनका उपाध्यक्ष विपिन कावराले यस्ता भ्रमणले अन्तर्राष्ट्रिय विद्यार्थीहरू माझ नेपाल प्रतिको बुझाइ अझ समृद्ध हुने विश्वास व्यक्त गर्दै भविष्यमा व्यापार, लगानी, अनुसन्धान तथा शैक्षिक सहकार्यका नयाँ अवसरहरु सिर्जना हुने विश्वास व्यक्त गर्नुभयो ।

विकल्प एन अल्टरनेटिभका कार्यकारी निर्देशक वसन्त अधिकारीले नेपाल र अन्तर्राष्ट्रिय शैक्षिक संस्था बीच ज्ञान, अनुभव तथा सांस्कृतिक आदान-प्रदान विस्तार गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको वताउनुभयो ।

कार्यक्रममा सहभागी विद्यार्थीहरूले संगठनका प्रतिनिधिहरूसंग प्रत्यक्ष संवाद गर्दै नेपालको आर्थिक संरचना, निजी क्षेत्रको भूमिका तथा विकासका सम्भावनाबारे जिज्ञासा राखेका थिए ।

# प्राविधिक सीप अभिवृद्धिका लागि इण्डष्ट्रियल कम्पोनेन्ट एण्ड डिभाइस रिपेयर तालिम



उद्योगमा कार्यरत प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गरी औद्योगिक उपकरणहरुको सुरक्षित सञ्चालन सम्बन्धी व्यवहारिक ज्ञान र सीप अभिवृद्धि गराउने उद्देश्यका साथ इण्डष्ट्रियल कम्पोनेन्ट एण्ड डिभाइस रिपेयर तालिम श्रावण १३ गते, सम्पन्न भयो ।

उद्योग संगठन मोरङको आयोजना तथा इन्स्योर हेल्भेटास नेपालको प्राविधिक सहयोगमा सञ्चालित २० दिने तालिममा मोरङ-सुनसरी औद्योगिक क्षेत्रका विभिन्न उद्योग प्रतिष्ठानमा कार्यरत २० जना प्राविधिकहरुको सहभागिता रहेको थियो ।

तालिम अवधिभर सहभागीहरुलाई औद्योगिक कम्पोनेन्ट तथा डिभाइसहरुको संरचना र कार्यप्रणाली, फल्ट पहिचान तथा ट्रबलसुटिङ, उपकरणहरुको प्रयोग, इलेक्ट्रोनिक कम्पोनेन्ट परीक्षण, मर्मत प्रविधि, सुरक्षा मापदण्ड तथा औद्योगिक उपकरणहरुको प्रभावकारी सञ्चालन सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक प्रशिक्षण प्रदान गरिएको थियो ।

तालिमको समापनमा उद्योग संगठन मोरङका अध्यक्ष नन्द किशोर राठीले उद्योगहरुको उत्पादनशीलता र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न दक्ष प्राविधिक जनशक्ति अपरिहार्य रहेको बताउनु भयो । उहाँले उद्योगको आवश्यकता अनुरुप प्राविधिकहरुको सीप स्तरोन्नति गर्दै आधुनिक प्रविधिसंग परिचित गराउन संगठनले यस प्रकारको तालिम सञ्चालन गरेको वताउनु भयो ।

तालिमका प्रशिक्षक किरण मण्डलले उद्योग क्षेत्रमा कार्यरत प्राविधिकहरुलाई व्यवहारिक ज्ञान र समस्या समाधान गर्ने क्षमता विकास गराउनु तालिमको प्रमुख उपलब्धि रहेको बताउदै प्रशिक्षक मण्डलले सहभागीहरुलाई प्राप्त सीपलाई निरन्तर अभ्यास मार्फत अझ सुदृढ बनाउन आग्रह गर्नुभयो ।

## उद्योग संगठन मोरङको Governance & Leadership Retreat



उद्योग संगठन मोरङको वोर्ड वैठक तथा कार्यसमिति सदस्यहरूको सहभागितामा Governance & Leadership Retreat भेडेटारस्थित भिस्टा रिसोर्टमा श्रावण २९ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रा.डा. विजु कुमार थपलियाले Leadership Retreat Activities तथा Short Presentation on Leadership and Teamwork विषयमा प्रशिक्षणमूलक सेसन सञ्चालन गर्नुभएको थियो । सेसनमा प्रभावकारी नेतृत्व, समूहगत कार्य तथा नेतृत्व क्षमताको विकास लगायतका विषयमा सहभागीहरु बीच अन्तरक्रिया तथा गतिविधि सञ्चालन गरिएको थियो ।

कार्यक्रमले संगठनका कार्यसमिति सदस्यहरु बीच नेतृत्व क्षमता अभिवृद्धि, सहकार्य र टिमवर्कलाई थप प्रभावकारी बनाउन योगदान पुऱ्याएको छ । कार्यक्रममा संगठनका अध्यक्ष नन्द किशोर राठी, निवर्तमान अध्यक्ष राकेश सुराना, पूर्व अध्यक्ष सुयश प्याकुरेल, वरिष्ठ उपाध्यक्ष भोलेश्वर दुलाल, उपाध्यक्ष सुरेन्द्र गोल्छा, विपिन कावरा, सुवोध कोईराला, कोषाध्यक्ष पारस लुनिया, कार्यसमिति सदस्य सौरभ सारडा, विरेन्द्र राठी, दिपक कुमार अग्रवाल, जयेन्द्र शर्मा, सन्तोष भगत, सिद्धार्थ कावरा, सृजन प्याकुरेल, किरण ब्यास, पारस गोल्छा, प्रतिक राउत, उकेश अग्रवाल र महानिर्देशक चुडामणि भराईको सहभागिता थियो ।

## उद्योग-व्यवसाय र आर्थिक गतिविधि विस्तारका विषयमा छलफल

उद्योग संगठन मोरङको आयोजनामा सत्तारुढ दलका सांसद मनिष झासंग उद्योग-व्यवसाय क्षेत्रका समसामयिक समस्या, चुनौती तथा आर्थिक गतिविधि विस्तारका विषयमा भाद्र ०३ गते छलफल भएको छ ।

कार्यक्रममा संगठनका अध्यक्ष नन्दकिशोर राठीले उद्योग तथा व्यवसाय क्षेत्र मुलुकको अर्थतन्त्रका प्रमुख आधार




स्तम्भ भएकाले यस क्षेत्रलाई विश्वासमा लिएर अघि बढ्नुपर्ने बताउनु भयो । उहाँले उद्योग-व्यवसाय क्षेत्रले उठाउदै आएका समस्या सम्बन्धित मन्त्री तथा सरकारका सम्बन्धित निकाय समक्ष प्रभावकारी रूपमा राखी समाधानका लागि पहल गर्न सांसद झासंग आग्रह गर्नुभयो ।

अध्यक्ष राठीले निजी क्षेत्रले उठाएका विषयलाई केवल उद्योगी-व्यवसायीको समस्या नभई उत्पादन, रोजगारी, राजस्व र समग्र आर्थिक वृद्धिसंग जोडिएको विषयका रूपमा लिनुपर्ने बताउदै नीतिगत स्थिरता, पूर्वानुमान योग्य कानुनी व्यवस्था र लगानीमैत्री वातावरण निर्माण गर्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा सांसद मनिष झाले उद्योग तथा व्यवसाय क्षेत्र मुलुकको अर्थतन्त्रका महत्वपूर्ण पिलर भएको उल्लेख गर्दै निजी क्षेत्रले उठाएका विषयहरूलाई आफूले गम्भीरतापूर्वक लिएको बताउनुभयो । उहाले उद्योगी-व्यवसायीले उठाएका समस्या सरकारका सम्बन्धित निकायमा राखी समाधानका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सांसद झाले निजी क्षेत्रको लगानी र मनोबल बढाउनका साथै उद्योग/व्यवसाय क्षेत्रको समस्या समाधानमा आफूले सहजीकरण गर्ने वताउदै उहँले जलविद्युत्, पर्यटन, कृषि तथा उत्पादनमूलक उद्योगमा रहेको सम्भावनालाई व्यवहारमा रूपान्तरण गर्न सरकार, निजी क्षेत्र बीच सहकार्य आवश्यक रहेको धारणा राख्नुभयो ।

संगठनका निवर्तमान अध्यक्ष राकेश सुरानाले नेपालको अर्थतन्त्रको दिगो विकासका लागि कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरणलाई प्राथमिकतामा राख्नुपर्ने बताउनु भयो । उहाले कृषिमा उत्पादन लागत घटाउने, प्रविधिको प्रयोग बढाउने, सिचाइ तथा भण्डारण पूर्वाधार विस्तार गर्ने र कृषि उत्पादनलाई उद्योग तथा बजारसंग जोड्ने नीति आवश्यक रहेको उल्लेख गर्नुभयो ।

छलफलमा उद्योगी-व्यवसायीहरूले बैंकिङ प्रणालीमा रहेको तरलतालाई उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्ने, बजारको माग बढाउने, कर तथा राजस्व नीतिमा स्थिरता कायम गर्ने, विद्युत महशुलमा लगाएको भ्याट हटाउने, सडक तथा ढुवानी पूर्वाधार सुधार गर्ने र निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्ने विषयमा सरकारको ध्यान जानुपर्नेमा जोड दिएका थिए ।

# उर्जा, जलश्रोत तथा सिंचाई मन्त्री समक्ष सुझाव प्रस्तुत



उद्योग संगठन मोरङ र मोरङ उद्योग ब्यापार संघका प्रतिनिधिहरूसंगको छलफलमा उर्जा, जलश्रोत तथा सिंचाई मन्त्री विराजभक्त श्रेष्ठले उद्योगको उत्पादन लागत घटाउन, विद्युत् खपत बढाउन र नेपाली उद्योगको प्रतिस्पर्धात्मक क्षमता बलियो बनाउने दिशामा काम भइरहेको बताउनु भयो । उहाले उद्योग क्षेत्रमा पर्याप्त, भरपर्दो र गुणस्तरीय विद्युत् उपलब्ध गराउद उत्पादन वृद्धि, रोजगारी सिर्जना र समग्र अर्थतन्त्रलाई गति दिन सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो ।

सुनसरी-मोरङ औद्योगिक क्षेत्रमा निर्माण भइरहेका नया सबस्टेसनहरू सञ्चालनमा आएपछि विद्युत् आपूर्ति थप भरपर्दो र दिगो बन्ने विश्वास व्यक्त गर्दै मन्त्री श्रेष्ठले उद्योग स्थापना गर्नुअघि आवश्यक विद्युत् क्षमता र पूर्वाधारको उपलब्धताबारे स्पष्ट जानकारी दिने प्रणाली विकास गरिने प्रतिबद्धता जनाउनु भयो । उहाले निजी क्षेत्रसंगको सहकार्यमा विद्युत् आपूर्ति प्रणालीलाई थप प्रभावकारी बनाउदै औद्योगिक विकासका लागि अनुकूल वातावरण निर्माण गर्ने प्रयासलाई निरन्तरता दिइने विचार व्यक्त गर्नुभयो ।

## जोगबनी नाकाबाट आयात-निर्यात पुन: सञ्चालन: क्लियरिङ एजेन्टको पेनडाउन फिर्ता

जोगवनी भन्सार क्लियरिङ एजेन्टहरूले ल्यान्ड पोर्ट अफ इन्डिया (एलपीआई) र सीमा सुरक्षा बल (एसएसबी) सम्बन्धी विषयलाई लिएर भदौ ८ गतेदेखि सुरु गरेको पेनडाउनका कारण जोगवनी नाकाबाट रोकिएको आयात-निर्यात कारोबार भाद्र १० गते देखि देखि पुन: सञ्चालनमा आएको हो ।

उद्योग संगठन मोरङको पहलमा जोगबनीमा भएको वार्तापछि भन्सार क्लियरिङ एजेन्टहरूले आन्दोलन फिर्ता लिएसँगै सीमापार व्यापार सामान्यतर्फ फर्किएको हो ।

उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीको नेतृत्वमा जोगबनी भन्सार पुगेको प्रतिनिधिमण्डल र सम्बन्धित निकायबीच भएको छलफल पछि एजेन्टहरूले पेनडाउन फिर्ता लिने सहमति जनाएका हुन ।



वार्ताका क्रममा संगठनका अध्यक्ष राठीले पेनडाउनका कारण आयात निर्यात ठप्प हुदा नेपाली उद्योग तथा व्यवसाय प्रत्यक्ष प्रभावित भएको उल्लेख गर्दै ल्यान्ड पोर्ट अफ इन्डिया तथा भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले भन्सार एजेन्टको जायज गुनासा सम्बोधन गर्दै मर्यादित र सम्मानजनक व्यवहार सुनिश्चित गर्नुपर्नेमा जोड दिए ।

अध्यक्ष राठीका अनुसार आन्दोलनका कारण अत्यावश्यक वस्तु तथा औद्योगिक कच्चा पदार्थ बोकेर नेपालतर्फ आउँदै गरेका ७ सयभन्दा बढी मालवाहक ट्रक भारतीय सीमामा रोकिएका थिए ।

छलफलमा भन्सार एजेन्ट तथा व्यवसायीले उठाएका समस्याबारे जवाफ दिँदै एलपीआईका प्रबन्धक रत्नाकरले हाल सञ्चालनमा रहेको एउटा नगद काउन्टरलाई दुई साताभित्र तीनवटा पुऱ्याउने प्रतिबद्धता जनाउदै जाँचपास प्रक्रियामा देखिँदै आएको सर्भर डाउनको समस्या समाधान गरिने जानकारी दिए । त्यसका साथै नेपालतर्फ प्रवेश गर्ने हालको एक गेटलाई विस्तार गरी तीनवटा बनाउने र यसका लागि बजेट प्राप्त हुनासाथ काम अघि बढाइने उनको भनाइ थियो ।

जोगबनी भन्सार क्लियरिङ एजेन्ट संघका अध्यक्ष रामबावु यादवले एलपीआईको व्यवस्थापनका कारण मालवाहक सवारी नेपाल प्रवेश गर्न समय लाग्ने गरेको गुनासो गरे । उनले एउटा मात्र नगद काउन्टर रहेको कम्प्युटरमा बारम्बार सर्भर अवरुद्ध हुँदा जाँचपास प्रक्रिया प्रभावित हुने समस्या उठाए । साथै, भारतीय सीमा सुरक्षा बल (एसएसबी) बाट व्यवसायी तथा एजेन्टप्रति अपमानजनक व्यवहार हुने गरेको भन्दै त्यसको सुधारको माग गरेका थिए ।

वार्तामा उद्योग संगठन मोरङका निवर्तमान अध्यक्ष राकेश सुराना, उपाध्यक्ष विपिन कावरा, कार्यसमिति सदस्य दिपक अग्रवाल, ल्यान्ड पोर्ट अफ इन्डिया (एलपीआइ) तथा जोगबनी भन्सार क्लियरिङ एजेन्ट संघका प्रतिनिधिहरुको सहभागिता थियो ।

## उद्योग संगठन मोरङद्वारा रसुवा बाढी पीडितप्रति समवेदना र आर्थिक सहयोग

रसुवा जिल्ला भोटेकोशी नदीमा भदौ १० गते आएको विनाशकारी बाढीबाट भएको अमूल्य जीवन र सम्पत्तिको क्षति प्रति उद्योग संगठन मोरङले गहिरो दु:ख व्यक्त गरेको छ । प्रकृतिको क्रूर प्रहारले धेरै घरपरिवारको खुसी खोसेको यस



पीडादायी घडीमा संगठनका अध्यक्ष नन्द किशोर राठीले बाढीमा ज्यान गुमाउनु भएका सम्पूर्ण मृतकहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनहरूले सहनु परेको असीम पीडामा संगठन उहाहरुसँगै उभिएको जनाउँदै, घाइतेहरूको शीघ्र स्वास्थ्य लाभ र प्रभावित नागरिकहरूको सुरक्षित जीवनको कामना गर्नुभयो ।

संगठनका अध्यक्ष राठीले निजी क्षेत्र आर्थिक गतिविधिको संवाहक मात्र नभई समाजकै अभिन्न अंग भएकाले, राष्ट्रले पीडा भोग्दा निजी क्षेत्रले पनि त्यो पीडा महसुस गर्ने बताउदै मानवीय सहायता स्वरुप **रु. १५ लाख** नगद सहयोग गरेको बताउनुभयो । प्रधानमन्त्री दैवीक प्रकोप उद्धार कोषमा जम्मा गर्नेगरी मोरङका प्रमुख जिल्ला अधिकारी युवराज केललाई संगठनले पन्ध्र लाखको चेक हस्तान्तरण गरेको छ ।

संगठनले आफ्ना सम्पूर्ण सदस्य उद्योग तथा प्रतिष्ठानहरूलाई समेत यस राष्ट्रिय दु:खको घडीमा आ-आफ्नो क्षमता र सामर्थ्य अनुसार सरकारको उद्धार तथा राहत कोषमा हातेमालो गर्न अनुरोध गरेको छ ।

त्यसैगरी दिनरात अग्रपंक्तिमा रहेर उद्धार तथा राहत कार्यमा खटिनुभएका नेपार सरकार सुरक्षा निकाय, स्वास्थ्यकर्मी, विभिन्न संघसंस्था, स्वयंसेवक तथा सहयोगी सम्पूर्ण हातहरूप्रति संगठनले आभार र सम्मान व्यक्त गर्दै प्रभावित नागरिकहरूको जीवनमा पुन: आशा र मुस्कान फर्काउन सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनी एकजुट भई उहाहरुको साथमा उभिन अनुरोध गरेको छ ।

## औद्योगिक प्रशिक्षण (Dual VET Apprenticeship) भनेको के हो ?

औद्योगिक प्रशिक्षण भनेको प्राविधिक शिक्षालयहरु र उद्योग/व्यवसायद्वारा तयार भएको पाठ्यक्रम अनुसार सञ्चालन गरिने प्रशिक्षण हो । औद्योगिक प्रशिक्षार्थीहरुले प्रारम्भिक चरणमा प्राविधिक शिक्षालयहरुमा ३.५ महिना प्रशिक्षण लिन्छन् भने दोस्रो चरणमा उद्योग/व्यवसायमा कम्पनी प्रशिक्षकको निगरानीमा रही दैनिक उत्पादन प्रक्रियामा समेत सहभागिता जनाउदै १९.५ महिना प्रशिक्षण लिन्छन् भने ती प्रशिक्षार्थीहरु प्रत्येक हप्ताको १ दिन चाहि सम्बन्धित शिक्षालयमा प्रशिक्षणको लागि जानु पर्ने हुन्छ । प्रशिक्षणको अन्तिम २४ औं महिनामा पुन: सम्बन्धित शिक्षालयहरुमा एक महिना अन्तिम परीक्षाको लागि जानु पर्दछ । शिक्षालय र उद्योग/व्यवसाय दुवै ठाउँमा सिकाइ हुने भएकोले औद्योगिक प्रशिक्षार्थी कार्यक्रमलाई Dual VET Apprenticeship पनि भनिन्छ ।

## उद्योग/व्यवसायलाई औद्योगिक प्रशिक्षार्थी लिंदा के फाइदा हुन्छ ?

औद्योगिक प्रशिक्षण कार्यक्रम उद्योग/व्यवसायको आफ्नै कार्यक्रम हो । उद्योग व्यवसायहरुमा काम गर्ने आवश्यक मानवस्रोतको अभाव भैरहेको अवस्थामा उद्योगी/व्यवसायीहरुलाई यसले केही हद सम्म भए पनि त्यो अभावलाइ पुरा गर्न यस प्रकृतिको तालिमले सहयोग गर्दछ । उद्योग/व्यवसायको लागि आवश्यक दक्ष जनशक्ति उत्पादनमा निम्न फाइदाहरु हुन्छन् ।

- **निश्चित समय बस्ने**: औद्योगिक प्रशिक्षार्थी सम्बन्धित उद्योग/व्यवसायमा १९.५ महिना बस्ने व्यवस्था उद्योग, प्रशिक्षार्थी र सम्बन्धित शिक्षालय बीचमा हुने त्रिपक्षीय सम्झौताले गर्दछ ।

- **कम ज्यालामा जनशक्ति प्राप्त हुने**: औद्योगिक प्रशिक्षार्थीलाइ सम्बन्धित उद्योग/व्यवसायले नेपाल सरकारले तोकेको न्युनतम मासिक ज्यालाको कम्तीमा २५% दिन सकिने प्रावधान रहेको हुनाले लगभग ३ गुणा सस्तो ज्यालामा प्रशिक्षार्थीलाइ उद्योगको सम्बन्धित विषयसंगको उत्पादन दैनिक ८ घण्टा सम्म परिचालन गर्न सकिने हुनाले कम लगानीमा बढी प्रतिफल लिन सकिने ।

- **सैद्धान्तिक र व्यवहारिक ज्ञान प्राप्त प्रशिक्षार्थी**: ३.५ महिना शिक्षालयमा सम्बन्धित विषयको केहि मात्रामा भए पनि सैद्धान्तिक र व्यवहारिक ज्ञान हासिल गरेका प्रशिक्षार्थीहरु हुने । त्यस्तै गरी शिक्षालयले ती प्रशिक्षार्थीहरुलाई उद्योग/व्यवसायमा पालना गर्नु पर्ने नियम र प्रदर्शन गर्नुपर्ने आचरणका विषयमा अभिमुखीकरण (Orientation) गरेर पठाएका हुन्छन् ।

- **दुर्घटना बिमा**: औद्योगिक प्रशिक्षार्थीलाई उद्योग/व्यवसायमा पठाउन अघि सम्बन्धित शिक्षालयले ७ लाख सम्मको दुर्घटना बिमा गरि सकेको हुन्छ ।

- **उद्योगले चाहे जस्तो दक्ष मानवस्रोत प्राप्त हुने**: २४ महिनाको अवधि पश्चात उद्योग/कम्पनी आफुले चाहे जस्तो जनशक्तिको विकास हुने भएकोले त्यस्ता व्यक्तिहरुलाई भविष्यमा पनि त्यहि उद्योगहरुको लागि उक्त जनशक्ति काम लाग्न सक्ने ।

## कस्ता उद्योग/व्यवसायहरु यस कार्यक्रममा सहभागी हुन सक्छन ?

- सरकारले तोकेको न्युनतम ज्यालाको मासिक कम्तीमा २५% (हाललाई रु. ४५००) दिन तयार हुने उद्योग/व्यवसायहरु।

- प्रशिक्षार्थीलाइ हप्ताको १ दिन बिदा, १ दिन सम्बन्धित शिक्षालयमा पठाउन तयार हुने उद्योग/व्यवसायहरु ।

## कस्ता उद्योग/व्यवसायहरु यस कार्यक्रममा सहभागी हुन सक्छन ?

२०८३ चैत्र महिना भित्र विभिन्न शिक्षालयहरुमा भर्ना भएका प्रशिक्षार्थीहरु सम्बन्धित उद्योग/व्यवसायहरुमा प्रतिस्थापन भइसकेको हुनु पर्दछ । त्यो भन्दा अगाडि प्रशिक्षार्थी राख्न चाहने उद्योग/व्यवसायहरुले आफुलाई आवश्यक विषय र संख्या सम्बन्धित शिक्षालय वा उद्योग संगठन मोरङमा रहेको सीप विकास इकाई (Skill Development Unit) मा सम्पर्क गर्न सकिनेछ ।

**थप जानकारीको लागि:** उद्योग संगठन मोरङ, सीप विकास इकाई
**सम्पर्क नं:** ९८२८०१५९५८,९८६४८१८९६९
**इमेल:** cim.skilldevunit2023@gmail.com